जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५४ २०८१ साल जेठ २ गते बुधबार (15 May 2024 Wednesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : बैंक, वित्तीय संस्था र... ३ पृष्ठमा : दश महिनामा ६० प्रतिशत... ३ पृष्ठमा : अफगानिस्तानमा चालिस हजार ...

## वेपत्ता दिदीबहिनी बृन्दावनमा भेटिइन्

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

राजविराजबाट ११ दिनअघि वेपत्ता भएकी दिदीबहिनी मंगलबार भारतको बृन्दावनमा भेटाएकी छिन् ।

भारतको बिहार राज्य अन्तरगत दरभंगा जिल्ला जालेग्राम पंचायत निवासी १८ वर्षिया रिंकी यादव र १९ वर्षिया पिंकी यादव गत बैशाख २१ गते राजविराज ७ खरसाल टोलबाट सम्पर्कबिहीन भएकी थिइन् ।

दिदीबहिनी रिंकी र पिंकी मामा अशोक यादवको छोराको बिवाह कार्यक्रममा सहभागि हुन आएको बेला बैशाख २१ गतेदेखी सम्पर्कबिहीन भएकी थिइन् ।



विवाह कार्यक्रममा आएकी दिदीबहिनीको बैशाख २० गते आमा देवकी देवीसँग विवाद भएको थियो । सोही कारणले कसैलाई कुनै जानकारी नदिई भान्जीहरु बैशाख २१ गते घरबाट निस्केको मामा अशोकले जिल्ला प्रहरी कार्यालय सप्तरीमा जानकारी दिएका थिए ।

सम्पर्कबिहीन भएको दिनदेखी नै दिदीबहिनीले बोकेको मोबाइलको पनि स्विच अफ भएपछि परिवारजनले दिएको हुलिया विवरणसहित प्रहरीले खोजिकार्य गरिरहेको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले खोजिकार्य जारि राखेको बेला उनीहरु भारतको बृन्दावन शहरमा भेटिएको परिवारजन मार्फत बुझिन आएको जानकारी दिए ।

मामा अशोकका अनुसार भान्जीहरु रिंकी र पिंकीले बोकेको मोबाइल चालु भएपछि उनीहरु सम्पर्कमा आएको र सोही आधारमा बृन्दावनको एक धर्मशालाबाट सकुशल अवस्थामा फेला परेको बताए ।

## राजनीतिक प्रतिशोध साध्न गरिएको शिक्षक सरुवा खारेज गर्न चार दलको माग

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

राजनीतिक प्रतिशोध साध्न गरिएको शिक्षक सरुवा खारेजको माग गर्दै चार राजनीतिक दलले मंगलबार नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाहालाई नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपा नेपाल र लोसपाले संयुक्त रुपमा सो ज्ञापनपत्र बुझाएका हुन् ।

बुझाइएको ज्ञापनमा राजनीतिक प्रतिशोधको नाममा गरिएको शिक्षक सरुवा अविलम्ब खारेज गर्न माग गर्दै दरबन्दी मिलान नगरि शिक्षकको सरुवा गर्ने निर्णयमा सहभागी शिक्षा अधिकृत कृष्ण कुमार यादवलाई सरुवा गर्न, नगर शिक्षा ऐन संशोधन गर्न समेत माग गरिएको छ ।

नेपाली कांग्रेसका नगर सभापति नारायण यादव, माओवादी केन्द्रका भुलाई राम, जसपाका लक्षणदेव साह र लोसपाका रामसागर मण्डलले संयुक्त रूपमा ज्ञापन बुझाउँदै मागहरू सात दिनभित्र पुरा नगरे चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

## सहकारी ठगहरुलाई कारवाही गर्न नेवि संघको माग



**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

नेवि संघ सप्तरीले सहकारीको रकम दुरुपयोग गरी अपचलन गर्ने सहकारी ठगहरुलाई छानबिनको दायरामा ल्याई कानुनी कारवाही गर्न माग गरेको छ ।

नेवि संघका जिल्ला सभापति राकेश कुमार ठाकुरको नेतृत्वमा एक टोलीले मगलबार प्रमुख जिल्ला अधिकारी किरण थापालाई सो मागसहितको ज्ञापन पत्र बुझाएको छ ।

बुझाइएको ज्ञापनपत्रमा सहकारी बचतकर्ताहरुको बचत फिर्ता गराउन र सहकारीको समस्यालाई दिगो रुपमा समाधानको माग गरिएको छ । यस्तै सहकारी ठगिमा संलग्न संस्था, सदस्य र सम्बन्धित व्यक्तिहरुलाई कानुनको दायरामा ल्याउन तत्काल निष्पक्ष संसदीय छाबिन समिति गठन गर्नु पर्ने माग पनि गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई समेत बोधार्थ गरिएको उक्त ज्ञापनपत्रमा विद्यार्थी केन्द्रित आवश्यक परिमार्जन एवं संशोधन विद्यालय शिक्षा विधेयक २०८० तत्काल लागु गर्न र उच्च शिक्षामा अध्ययन तथा अनुसन्धान गर्ने अवसर उपलब्ध गराई प्रतिष्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तर अभिबृद्धि गरी देशको शैक्षिक तथा प्रज्ञिक क्षेत्रलाई अरु बढी गुणस्तरीय, मर्यादित, नियमन र व्यवस्थापन सम्बन्धि कार्यलाई सहजिकरण र व्यवस्थित गर्न विश्वविद्यालय छाता ऐन सम्बन्धी विधेयक तत्काल प्रतिनिधि सभामा प्रस्तुत गर्न माग समेत गरिएको छ ।



अनुरोधकर्ता
कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी

## तातो हावा 'लु' बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### एक व्यक्ति एक बिरुवा रोपौं

जलवायु परिवर्तनका कारण अहिले विश्वमा सबै कुरा प्रभावित भइरहेको छ। विगतको तुलनामा अहिले तापक्रममा वृद्धि हुँदै गएको छ। नेपालमा वन फँडानी र चुरे दोहनका कारण पनि यसको प्रभाव बढी देखिएको छ। खासगरी तराई मधेशका क्षेत्रहरुमा नकारात्मक प्रभाव बढेको छ। प्रकृति नै असन्तुलित हुँदै गएको छ।

अत्याधिक गर्मीका कारण जनजिवन प्रभावित बन्दै गएको छ। अहिले वायुमण्डलमा तातो हावा चलिरहेको छ, घाम निकै चर्को रहेको कारण गर्मी अत्यन्तै बढेर गएको छ। वर्षा भने न्यून हुँदै गएको छ जसले गर्दा उत्पादनमा ह्रास आइरहेको छ। बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण यी सबै कुरा भइरहेको छ।

वन जंगल फडानी भइरहेको अवस्थामा हामी मानिस आफ्नै घरमा भएपनि कम्तिमा एउटा बिरुवा रोपेर अप्राकृतिक विनासलाई जोगाउने प्रयासको थाल्नुमा लाग्नुपर्छ। तसर्थ वायु प्रदुषण रोक्न हामी आजैबाट प्रत्येक व्यक्ति एक बिरुवा रोप्ने योजानामा लागौं।

# बैंक, वित्तीय संस्था र सहकारीका समस्या समाधान गरिने

काठमाडौँ, १ जेठ (रासस)।

सरकारले बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने बताएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुभएको सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने उल्लेख गरेको छ।

बैंक तथा वित्तीय संस्थाका समस्या समाधानका लागि कानुनी तथा नीतिगत प्रबन्ध र केही नयाँ व्यवस्थासमेत कार्यन्वयन गर्ने नीति सरकारले लिन लागेको हो। "नियमन र सुपरिवेक्षणलाई सुदृढ गर्दै वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी र भरपर्दो बनाइनेछ। बैङ्क तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बीमा र पूँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ। लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ", सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, "सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ। सहकारी नीतिलाई समयानुकूल बनाइनेछ।"

सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। त्यसैगरी सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असूली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने जनाइएको छ।

"सहकारी संस्थाहरू अनिवार्य रूपमा सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ। सरकारको शेयर स्वामित्व भएका साझा सहकारी संस्थालाई एकीकरण गर्ने व्यवस्था मिलाइनेछ। बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ", सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ।

मुलुकभित्र व्यावसायिक वातावरण निर्माण गरी उद्योगी व्यवसायीको मनोबल बढाइने नीति पनि सरकारले लिएको छ। छरिएर रहेका साना पुँजी एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न एवम् बन्द भएका उद्योग कलकारखाना सञ्चालन र व्यवस्थापन गर्न निजी लगानी कम्पनीलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

"निजी क्षेत्र प्रतिस्पर्धी भएका र गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौँडा कपडा उद्योगलगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ", राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम सार्वजनिक गर्नुहुँदै भन्नुभयो।

राजस्व बाँडफाँटलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाइने विषय पनि नीति तथा कार्यक्रममा राखिएको छ। त्यसैगरी, खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिनेछ जनाइएको छ।

"वस्तुगत मापदण्डका आधारमा ससर्त अनुदान हस्तान्तरण गरिनेछ। तीन तहका सरकारबीच प्राकृतिक स्रोतको परिचालन एवम् बाँडफाँट, लगानी तथा प्रतिफलको हिस्सा निर्धारण तथा विवाद निरूपणका लागि एकीकृत कानून तर्जुमा गरिनेछ। तीनै तहका विद्युतीय प्रणालीहरूबीच अन्तर-आबद्धता कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ तुल्याइनेछ", सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ।

आन्तरिक तथा बाह्य लगानीको वातावरण सुधार र क्षेत्र बिस्तार गर्न थप कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ जनाइएको छ। निजी पुँजी आकर्षित गर्न थप कानूनी प्रबन्धसहित विकास वित्तका नवीनतम उपकरण परिचालन गरिने नीति सरकारले लिएको छ।

"विश्वव्यापी रूपमा प्रचलनमा रहेका ऋण तथा अन्य मिश्रित स्वरूपका विदेशी लगानी भित्र्याउन सहजीकरण गरिनेछ। आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिनेछ। स्वचालित डिजिटल प्रणाली कार्यान्वयनमा ल्याई स्वदेशी तथा विदेशी लगानी स्वीकृति प्रक्रियालाई सरल, सहज र अनुमानयोग्य बनाइनेछ", नीति तथा कार्यक्रममा भनिएको छ।

## जसपा आधिकारिकता विवाद सर्वोच्चमा

काठमाडौँ, १ जेठ (रासस)।

निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गर्नुभएको छ।

निर्वाचन आयोगलगायतलाई विपक्षी बनाइ आइतबार दायर गरेको रिट निवदेनमा राई नेतृत्वको जनता समाजवादी पार्टीलाई दिएको आधिकारिकताको निर्णयलाई खारेज गर्न माग गरिएको छ। रिट निवेदनमा भनिएको छ, "राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत दल त्याग गरी जाने विपक्षी नम्बर २ देखि ८ सम्मका विपक्षीहरू रहेको संघीय संसदको सदस्य पद राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३१ को अधिनमा रही खारेज गर्नु भनी परमादेशको आदेश जारी गर्दै निजहरूलाई सङ्घीय संसद्को सदस्यको हैसियतले कुनै पनि कार्य गर्न नदिनु भनी प्रतिशोधलगायत परमादेशको आदेश जारी गरी पाउँ।"

यही वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिनुभएको थियो। सोही निवेदनको आधारमा निर्वाचन आयोगले यही वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो। जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये ५ मात्रै सांसद रहेका छन्। उक्त विवादमा आगामी जेठ २ गते प्रारम्भिक सुनुवाइका लागि पेसी तोकिएको छ।

## पाठेघर क्यान्सरविरुद्ध खोपलाई जिल्ला अस्पतालसम्म बिस्तार गरिने

काठमाडौँ, १ जेठ (रासस)।

सरकारले पाठेघर क्यान्सरविरुद्ध खोपलाई जिल्ला अस्पतालसम्म बिस्तार गरिने जनाएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई दिइने खोप सेवालाई जिल्ला अस्पतालसम्म विस्तार गरिने बताउनुभयो।

साथै आगामी वर्षको नीति तथा कार्यक्रमझैं यस वर्ष पनि पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ कार्यक्रमले निरन्तरता दिइएको छ। राष्ट्रपति पौडेलले सुरक्षित मातृत्व र रोग

*बाँकी तीन पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दश महिनामा ६० प्रतिशत बजेट खर्च

काठमाडौँ, १ जेठ (रासस)।

चालु आर्थिक वर्षको १० महिनामा सरकारको बजेट खर्च ६० प्रतिशत हाराहारी देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार वैशाख मसान्तसम्ममा वार्षिक विनियोजनको ६० दशमलव ३५ प्रतिशत अर्थात् रु १० खर्ब ५६ अर्ब ८९ लाख २४ हजार बराबर खर्च भएको जनाएको छ। सरकारले चालु आर्थिक वर्षका लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो।

वैशाख मसान्तसम्ममा चालुगततर्फ वार्षिक विनियोजनको ६५ दशमलव ९१ प्रतिशत खर्च भएको छ। चालु शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर वार्षिक विनियोजन भएकोमा हालसम्म रु सात खर्ब ५२ अर्ब ५५ करोड ७३ लाख बराबर खर्च भएको छ।

पुँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर वार्षिक विनियोजन भएकोमा वैशाख मसान्तसम्म वार्षिक लक्ष्यको ३७ दशमलव ०४ प्रतिशत अर्थात् रु एक खर्ब ११ अर्ब ८८ करोड २९ हजार बराबर खर्च भएको छ। त्यसैगरी, वित्तीय व्यवस्था शीर्षकमा ६२ दशमलव ६ प्रतिशत खर्च भएको छ। यो शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा रु एक खर्ब ९२ अर्ब ४५ लाख २२ हजार बराबर खर्च भएको हो।

सो अवधिको कुल सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ५८ दशमलव दुई प्रतिशत छ। चालु आवमा रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ बराबर राजस्व उठाउने लक्ष्य रहेकोमा वैशाख मसान्तसम्ममा रु आठ खर्ब ५७ अर्ब दुई करोड ८० लाख बराबर असुली भएको छ।

कर राजस्वतर्फ रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबरको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ५७ दशमलव २१ प्रतिशत अर्थात् रु सात खर्ब ४६ अर्ब ८३ करोड २८ लाख बराबर उठेको छ। त्यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर लक्ष्य रहेकोमा ७२ दशमलव सात प्रतिशत अर्थात् रु ८५ अर्ब १० करोड चार लाख बराबर असुली भएको छ।

त्यस्तै, रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने सरकारी लक्ष्य रहेकोमा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर अनुदान लिइएको छ।

# सर्वोच्च अदालतमा अनलाइनबाटै मुद्दा दर्ता गर्न सकिने

काठमाडौँ, १ जेठ (रासस)।

सर्वोच्च अदालतमा मंगलबारदेखि अनलाइनमार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालितरूपमा पठाउने प्रणालीको शुभारम्भ भएको छ। प्रधानन्यायाधीश विश्वभरप्रसाद श्रेष्ठले मंगलबार उक्त सेवाको शुभारम्भ गर्दै अनलाइनबाट मुद्दा दर्ता गर्न पाउँदा दुरदराजका मानिसलाई सहज, सरल र सुविधा हुने विश्वास व्यक्त गर्नुभयो।

सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले तयार गरेको अनलाइनबाट मुद्दा दर्ता प्रणालीको बिस्तारै उच्च र जिल्ला अदालतमा पनि लागू गर्ने तयारी रहेको उल्लेख गर्दै प्रधानन्यायाधीश श्रेष्ठले यो उपलब्धिलाई सफल पार्नका लागि सबैले सहयोग गर्न आग्रह गर्नुभयो।

"सूचना प्रविधिले हामीलाई पारदर्शी बनाउँछ, सर्वसाधारण र दुरदराजका मानिसलाई न्यायमा पहुँचमा पुर्‍याउन यो प्रविधिको प्रयोग गरिएको हो", उहाँले भन्नुभयो, "अनलाइनमा अब सबै रिट तथा मुद्दा दर्ता हुनेछ, यसलाई सफल पार्नुपर्छ"।

उक्त प्रणालीको प्रयोगबाट मुद्दा दर्ता गर्न भौतिक रूपमा अदालतमा उपस्थित हुननपर्ने, अदालतभन्दा टाढा रहेरसमेत फर्महरूमार्फत अदालतमा मुद्दा दर्ता गर्न सकिने, मुद्दा दर्ता गर्न अदालतमा उपस्थित हुँदा लाग्ने समय तथा लागत न्यूनीकरण हुने अपेक्षा गरिएको छ।

साथै, प्रणाली प्रयोग गरी मुद्दा दर्ता गर्दा प्रणाली प्रयोग गरेवापत कुनै शुल्क भुक्तानी गर्न नपर्ने, मुद्दा दर्तालगायतका काम क्रमशः कागजविहीन हुँदै जाने, डिजिटल मिसिल निर्माण भई अभिलेख व्यवस्थापनमा सहजता आउने अपेक्षा अदालतले गरेको छ।

उक्त प्रणाली लागू भएपछि अदालतमा भिडभाड कम हुने, अदालतमा सेवाग्राहीको भौतिक उपस्थिति न्यूनीकरण हुने अपेक्षा अदालतले गरेको छ। पेसीको सूचना स्वचालित रूपमा पठाउने प्रणाली कागजीरूपमा पेसीको सूचना पठाउँदा लाग्ने समय र जनशक्ति कटौती गर्न सहयोग पुग्ने, मितव्ययी रूपमा सेवा सञ्चालन गर्न सम्भव हुने अदालतले अपेक्षा गरेको छ।

त्यस्तै, पेसीको सूचना पठाएको, पाएकोलगायतका विवरण प्रणालीमै रहने तथा जुनसुकै बेला प्रणालीबाटै हेर्न सकिने अवस्था हुँदा पेसी व्यवस्थापनमा सहजता आउने, इजलासको समय बचत हुने र अभिलेख व्यवस्थापन सहज हुने समेत विश्वास गरिएको छ।

### पाठेघर क्यान्सरविरुद्ध ...

नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने समेत उल्लेख गर्नुभयो।

सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'पाइलटिङ/डेमोन्स्ट्रेसन' २०८० भदौ २७ गते परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीबाट सुरु गरिएको थियो। बीस हजार मात्रा खरिद गरेर ल्याइएकाले सात प्रदेशमा १-१ वटा अस्पतालबाट मात्र खोप दिइएको थियो।

# २०८२ सम्म सडक मानवमुक्त बनाइने

काठमाडौँ, १ जेठ (रासस)।

सरकारले २०८२ सालसम्म नेपाललाई सडक मानवमुक्त बनाउने घोषणा गरेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसद्का संयुक्त बैठकमा प्रस्तुत गर्दै सडक मानवको उद्धार, संरक्षण र पुनःस्थापनामा संलग्न सङ्घ संस्थासँग समन्वय र सहकार्यमा सडक मानवमुक्त बनाइने उल्लेख गर्नुभयो।

साथै, ज्येष्ठ नागरिकको हेरचाहमा परिवार र समाजको भूमिकासम्बन्धी नीतिगत व्यवस्था गरिने, ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवामा प्राथमिकता दिनुका साथै सहुलियतको प्रबन्धको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवम् औषधि उपलब्ध गराइने सरकारको नीति छ।


## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं: ४८६

मिति २०८१।०२।०१

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने सन्तोष देवी कावराले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८१।०२।०१ मा द.न. ४३० को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.वि.न.पा. वडा.नं ३ बस्ने अशोक कुमार कावरा नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | भगवतपूर | ५ | ७६ | ०- १३-५ |
| सप्तरी | " | ६ | १६ | ०-१९-१२ |
| सप्तरी | " | ६ | ३९ | ०-७-५ |
| सप्तरी | " | ८ | ६२ | ०-६-५ |
| मोरङ | कटहरी | १ | ३४८६ | १६९.३० (वर्ग मिटर) |
| मोरङ | बखरी | ५क | ४६०५ | ०-०- १-० |
| मोरङ | भाथिगछ | ५ | ८९७ | ३४५ (वर्ग मिटर) |

वीरेन्द्र कुमार साह

का.वा वडा अध्यक्ष

का.वा. वडा अध्यक्ष

रा.वि.न.पा.-३


## विश्व समाचार

### अफगानिस्तानमा चालिस हजार बालबालिका घरबारविहीन

काबुल, १ जेठ (रासस/सिन्ह्वा)।

उत्तरी अफगानिस्तानको बाघलान प्रान्तमा शुक्रबार बाढीका कारण झन्डै ४० हजार बालबालिकाले आफ्नो घर गुमाएको परोपकारी संस्था 'सेभ द चिल्ड्रेन'ले जनाएको छ। बालबालिकाले आफ्नो घर मात्र नभई विद्यालय र खेल्ने ठाउँका साथै आफन्तजन समेत सबै गुमाएका अफगानिस्तानस्थित उक्त संस्थाका निर्देशक अरशद मलिकले बताउनुभयो। विश्व खाद्य कार्यक्रमको अफगानिस्तानस्थित कार्यालय र स्थानीय अफगान अधिकारीका अनुसार देशभर बाढीबाट तीन सय ३० जनाभन्दा बढीको मृत्यु भएको छ। बाढीमा बाघलान, तखार, बदख्सान र घोर प्रान्तमा धेरैको मृत्यु भएको हो। अफगानिस्तानका अधिकारीहरूले बाढीबाट मृत्यु हुनेको सङ्ख्या बढ्न सक्ने तथा बालबालिका सङ्क्रामक रोगको सिकार हुन सक्ने चेतावनी दिएका छन्। विश्व स्वास्थ्य सङ्गठनले सोमबार बाढी प्रभावित क्षेत्रमा सङ्क्रमणको जोखिम अनुगमन गर्न आठ आपत्कालीन प्रतिकार्य टोली परिचालन गरेको छ।

### भारतमा आँधीका कारण १४ जनाको मृत्यु

नयाँदिल्ली, १ जेठ (रासस/सिन्ह्वा)।

भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा सोमबार राति आएको विशाल आँधीबेहरी र वर्षाका कारण कम्तिमा १४ जनाको मृत्यु हुनुका साथै करिब ७५ जना घाइते भएका छन्। आँधीबेहरी र वर्षाका कारण ठूलो विज्ञापन बोर्ड खस्दा उक्त घटना घटेको नागरिक एजेन्सीका अधिकारीले फोनमा पुष्टि गरेका छन्। उक्त घटना देशको आर्थिक राजधानी मुम्बईको घाटकोपर क्षेत्रमा भएको हो। सामाजिक सञ्जालमा साभार गरिएका श्रव्यदृश्य सामग्रीहरूमा हावाहुरीबाट बच्न ठूलो विज्ञापन बोर्डको मुनि धेरै कार तथा अन्य सवारी साधनहरूमा मानिसहरु आश्रय लिएरहेका देखाइएको छ।

इन्धन स्टेसनको छेउमा जडान गरिएको उक्त विज्ञापन बोर्ड तीव्र गतिको हावाहुरीका कारण क्षतिग्रस्त भइ खसेको थियो। पीडितहरू आँधी र वर्षाको बिचमा इन्धन स्टेसनमा शरण लिइरहेको अवस्थामा उक्त दुर्घटना हुदाँ ठूलो सङ्ख्यामा मानिसहरुको ज्यान गएको स्रोतले जनाएको छ। स्थानीय प्रहरी र अग्नि नियन्त्रक विभागका कर्मचारीहरूले विज्ञापन बोर्डको मुनिबाट मानिसहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए। पछिल्लो रिपोर्टका अनुसार मुम्बई पुलिसले अवैध रूपमा जडान गरिएको विज्ञापन बोर्डको मालिकविरुद्ध आपराधिक मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको छ।

### रुसले युक्रेनमा आक्रमण बढाउँदा ५,७०० लाई सुरक्षित स्थानमा सारियो

खार्किभ (रूस), १ जेठ (रासस/एएनआई)।

युक्रेनमा तनाव बढ्दै जाँदा रुसले खार्किभ क्षेत्रमा आफ्नो स्थल आक्रमण विस्तार गरेको छ। मोर्चालाई फराकिलो बनाउने र युक्रेनको रक्षा फौजलाई दबाब दिने प्रयासमा नयाँ क्षेत्रहरूलाई लक्षित गरी रुसले आक्रमण गरेको अल जजिराले यस क्षेत्रका गभर्नरलाई उद्धृत गर्दै बताएको छ। गभर्नर ओलेह सिनिहुबोभले सोमबार टेलिभिजनमा भन्नुभयो, "दुश्मनले जानाजानी यसलाई विस्तार गर्ने उदेश्यले सानो समूहमा नयाँ दिशामा आक्रमण गर्ने प्रयास गरिरहेको छ।"

परिस्थितिको गम्भीरतालाई वर्णन गर्दै उहाँले लगभग पाँच हजार सात सय व्यक्तिलाई भोभचान्स्क र वरपरका क्षेत्रहरूबाट निकालिएको तथा बाँकी तीन सयलाई तुरुन्तै निस्कन आग्रह गरिएको बताउनुभयो। रूसी सेनाले शुक्रबार खार्किभ सहर नजिकै युक्रेनको सीमा उल्लङ्घन गरेपछि सुरु गरेपछि घुसपैठ सुरु भयो। रुसी सेनाले दुई वर्षदेखि मुख्यरूपमा पूर्व र दक्षिणमा फैलिएको अर्को द्वन्द्वमा उत्तरपूर्वी मोर्चा स्थापना गर्यो। अल जजिराका अनुसार यो रणनीतिक कदमले सम्भावितरूपमा युक्रेनी सेनालाई रुस अघि बढिरहेको पूर्वी क्षेत्रहरूबाट हटाउन सक्छ।

बढ्दो सङ्कटको प्रतिक्रियामा युक्रेनले ब्रिगेडियर जनरल मिखाइलो द्रापातीलाई खार्किव मोर्चामा अपरेसनको नेतृत्व गर्न नियुक्त गरेको मिडिया आउटलेट आरबीसी-युक्रेनले जनाएको छ। जनरल द्रापातीले यसअघि सन् २०२२ मा रुसी सेनाबाट खेरसन क्षेत्रमा डिनिप्रो नदीको दायाँ किनारको क्षेत्रलाई पुनः प्राप्त गर्न सफल अभियानको नेतृत्व गर्नुभएको थियो। गभर्नर सिनिहुबोभले उत्तरपूर्वमा रसियाको बहु-दिशात्मक धक्काबारे प्रकाश पार्दै विशेषरूपमा भोभचान्स्क र लिप्टसी गाउँ नजिकैको प्रगति हासिल गरेको बताउनुभयो। युक्रेनी सेनासँग नजिकबाट जोडिएको डिप्स्टेट टेलिग्राम च्यानलले रुसले लगभग एक सय वर्गकिलोमिटर क्षेत्रमा नियन्त्रण प्राप्त गरेको सङ्केत गरेको छ।

रुसको रणनीतिक लाभलाई स्वीकार गर्दै युक्रेनी सेनाले खार्किभको अवस्थालाई विभिन्न क्षेत्रमा चलिरहेको आक्रमणका साथ 'जटिल र गतिशीलरूपमा परिवर्तन' भएको बताएको छ। रुसी सेनालाई रोक्न सफल भए पनि युक्रेनले बढ्दो जोखिमको सामना गरिरहेको बताउँदै गभर्नर सिनिहुबोभले द्वन्द्वले नयाँ बस्तीहरूलाई समेट्ने खतरा रहेको चेतावनी दिनुभयो। यसैबीच रुसको रक्षा मन्त्रालयले सेनाले लिप्टसी र भोभचान्स्क जस्ता सीमावर्ती गाउँहरूमा रणनीतिक स्थितिमा सुधार गर्न युक्रेनी जनशक्तिलाई प्रहार गरेको बताएको छ।

# एपिएफलाई हराउँदै नेपाल पुलिस बन्यो कबड्डी च्याम्पियन



**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

राजविराजमा संचालित राष्ट्रिय महिला कबड्डी प्रतियोगितामा नेपाल पुलिसले प्रथम स्थान हासिल गरेको छ ।

मंगलबार सम्पन्न फइनल खेलमा नेपाल पुलिसले एपिएफलाई २१ का बिरुद्ध २४ अंकको अन्तरले हराउँदै प्रथम स्थान हासिल गरेको हो ।

प्रतियोगितामा बिजेता टिम नेपाल पुलिसले नगद १ लाख १ हजारसँगै ट्रफी र प्रमाणपत्र तथा उपबिजेता एपिएफ टिमले नगद ५१ हजार तथा तेश्रो स्थान प्राप्त गर्ने नेपाली सेना र लुम्बिनी प्रदेशले जनही २५/२५ हजार नगदसहित मेडल र कदरपत्र प्राप्त गरे ।

जिल्ला कबड्डी संघ सप्तरीको आयोजना, अखिल नेपाल कबड्डी संघको समन्वय तथा राजविराज नगरपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकाको सहयोगमा वैशाख २९ देखी सुरु भएको प्रतियोगितामा नेपाली सेना र लुम्बिनी प्रदेश तेश्रो स्थान प्राप्त गरे ।

तीन दिनसम्म चलेको प्रतियोगितामा कर्णाली बाहेक ६ प्रदेश तथा तीन विभागिय टोली गरि कुल ९ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिता समाप्तीपछि जिल्ला कबड्डी संघका अध्यक्ष चन्द्रशेखर चौधरीको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, अखिल नेपाल कबड्डी संघका महासचिव अरबिन्द झा लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए ।

प्रतियोगिता समापनका अवसरमा पत्रकार महासंघ सप्तरी र आयोजक समितिबीच भएको मैत्रीपूर्ण कबड्डी प्रतियोगिता बराबरीमा टुंगिएको छ । पत्रकार महासंघ र आयोजक समिति दुवै टिमको निर्धारित समयसम्म ९/९ अंकमा हुँदा खेल बराबरीमा सकिएको जिल्ला कबड्डी संघले जनाएको छ ।

# सप्तरीका हजयात्रीलाई बिदाई

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**



सप्तरीका हजयात्रीहरुलाई मंगलवार राजविराजमा एक कार्यक्रम गरी विदाई गरिएको छ ।

आसिया पार्टी प्यालेस राजविराजले सम्मान तथा शुभकामना कार्यक्रमको आयोजना गरी उनीहरुलाई विदाई गरेको हो ।

सप्तरीबाट जाने १२ जना हज यात्रीलाई सम्मानका साथ यात्रा सफलताको शुभकामनासहित विदाई गरिएको आसिया पार्टी प्यालेसका प्रोप्राइटर मो. अकवरले जानकारी दिए ।

उनले राजविराज नगरपालिका ३ का हाजी मुस्लिम मियाँ, तसलिम मियाँ, दुनियाँ खातुन, शमिला खातुन, सइफुद्दीन मियाँ, जैतुन खातुन, जामिरुद्दीन (पत्नी), ईसरत जहाँ, मो असगर, राजविराज १ का मो जल्लाउद्दीन, शायरा खातुन र मौलाना समिमउल्लाहलाई विदाई गरिएको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रहरी उपरीक्षक गजुसिद्धि वज्राचार्य, राष्ट्रिय अनुसन्धान सप्तरी प्रमुख सुरेन्द्र कोइराला लगायतकाले हज यात्रीहरुलाई सफलताको शुभकामना दिएका थिए ।





अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*